


# अध्याय -७

## तपाईँको दया र करुणा सारा जगत् ब्रम्हाण्डहरूमा पुग्दछ

यस अध्यायका मुल पदहरूः भजन १३६, भजन ५१, भजन १३०, भजन ११३ र भजन १२३।

यस अध्यायको मुल सारः *"हे परमप्रभु, जातिहरूका बीचमा म तपाईंको प्रशंसा गाउनेछु। मानिसहरूका बीचमा म तपाईंको विषयमा गाउनेछु। किनकि तपाईंको करुणा स्वर्गसम्म महान् छ, र तपाईंको विश्वसनीयताले आकाशै छुन्छ। हे परमेश्वर, तपाईं स्वर्गभन्दा पनि उच्च हुनुहोस्, तपाईंको महिमा सारा पृथ्वीभरि व्याप्त होस्!" भजन ५७:९-११।*

आत्मिक अर्थात् अध्यात्मिक क्षेत्रमा आफू दयनीय र दरिद्र भएको र परमेश्वरलाई आफूहरूले दिनुपर्ने कुनै पनि असल थोक नभएको भनेर भजनका लेखकहरूले महसुस गर्दछन्। त्यसको अर्थ आफूहरूसँग त्यस्तो केही छैन जसले परमेश्वरको सिंहासनको सामु स्यावास पाएर उभिन सकून् (भजन ४०:१७)। हामीलाई जस्तै तिनीहरूलाई पनि अनुग्रहको आवश्यकता भएको तिनीहरूले स्विकार्दछन्। त्यो अनुग्रह परमेश्वरको मात्रै हो। छोटकरीमा भन्नुपर्दा तिनीहरूलाई सुसमाचारको आवश्यकता छ।

मानिसहरू परमेश्वरको करुणा र दयामा पूरै भरोसा राख्नुपर्छ भनेर भजनका लेखकहरूले जिकिर गर्दछन्। भाग्यवस, परमेश्वरको अनुग्रह, करुणा र दया क्षणिक नभएर अनन्त कालसम्म उपलब्ध गराइएको छ। सृष्टिमा र

परमेश्वरका जनहरूको इतिहासमा उहाँको दयाले निरन्तरता पाएको हामीले सिक्दछौं (भजन १३६)। सनातन परमेश्वरको सामु मानिसको जीवन क्षणिक छ। त्यो घाँस जस्तै छ। तर परमेश्वरले मानव कमजोरीप्रति दया देखाउनुहुन्छ र तिनीहरूको शक्तिलाई नविकरण गर्नुहुन्छ (भजन १०३:३,५)।उहाँमा नै उहाँका भक्तजनहरूको अनन्त जीवनको प्रतिज्ञा निहित भएको छ।

*आफ्नो करारप्रति कतिवद्ध हुनुभएको छ भन्ने आत्मज्ञान पाएर परमेश्वरका जनहरू ढुक्क हुन सक्दछन्। जुनसुकै प्रतिकुल वा असहज वातावरणमा पनि परमेश्वरका जनहरूले उहाँलाई बिन्ति चढाउन सक्दछन् किनकि तिनीहरूको बिन्ति स्वर्गका करुणामय परमेश्वर पितातिर निर्देशित गरिएको हुन्छ (भजन १०३:१३, भजन ६८:५, भजन ८९:२६)। जब परमेश्वरप्रति आशक्त भएर उहाँको अनुग्रह र प्रेमको अनुभव तिनीहरूले गर्दछन् तब उहाँको आराधना गर्न र सेवा गर्न ताजा बल पाउँदछन्। उहाँलाई बाहेक कसैको सेवा नगर्ने प्रतिवद्धता ती जनहरूको हुन्छ।*

## १. उहाँको सदाशयता र दया सदाको निम्ति स्थिर छन्

**भजन १३६मा एउटा प्रमुल विषयवस्तुले ठाउँ ओगटेको छ। भजनका लेखकले दावी गरेको विषयबस्तु कहाँ पाइन्छ भनेर जिकिर गर्दछन्? हेर्नुहोस् भजन १३६ "१ परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँ भलो हुनुहुन्छ, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २ देवताहरूका परमेश्वरलाई धन्यवाद देओ, उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। ३ प्रभुहरूका परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। ४ उहाँले मात्र आश्चर्य कामहरू गर्नुहुन्छः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। ५ उहाँले आफ्नो समझशक्तिले स्वर्ग सृष्टि गर्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।६ उहाँले पानीमाथि पृथ्वी फैलाउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। ७ उहाँले ठूला-ठूला ज्योतिहरू बनाउनुभयोः उहाँको प्रेम सदाकाल रहिरहन्छ। ८ उहाँले दिनमा प्रभुत्व गर्नलाई सूर्य बनाउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। ९ उहाँले रातमा प्रभुत्व गर्नलाई चन्द्र र तारा बनाउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।१० उहाँले मिश्रदेशका ज्येष्ठहरूलाई मार्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। ११ उहाँले उनीहरूका बीचबाट इस्राएललाई निकाली ल्याउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १२ उहाँले शक्तिशाली हात र पसार्नुभएको पाखुराले तिनीहरूलाई निकाली**

ल्याउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १३ उहाँले लाल समुद्रलाई दुई भागमा विभाजित गर्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १४ उहाँले इस्राएललाई त्यसको बीचबाट पार गराउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १५ उहाँले फारो र उनको सेनालाई लाल समुद्रमा बगाइदिनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १६ उहाँले आफ्ना मानिसहरूलाई उजाड-स्थानको बीचबाट डोऱ्याउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १७ उहाँले ठूला-ठूला राजाहरूलाई मार्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १८ उहाँले शक्तिशाली राजाहरूलाई मार्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। १९ उहाँले एमोरीहरूका राजा सीहोनलाई मार्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २० उहाँले बाशानका राजा ओगलाई मार्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २१ उहाँले उनको देश पैतृक-सम्पत्तिको रूपमा दिनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २२ उहाँले त्यो देश आफ्नो दास इस्राएललाई दिनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २३ उहाँले हामीलाई हाम्रो दुर्दशामा स्मरण गर्नुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २४ उहाँले हामीलाई हाम्रा शत्रुहरूका हातबाट छुटाउनुभयोः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।२५ उहाँले प्रत्येक प्राणीलाई आहार दिनुहुन्छः उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ। २६ स्वर्गका परमेश्‍वरलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ।"

**सृष्टि (भजन १३६:४-९) र इस्राएलको इतिहासमा** (भजन १३६:१०-२२) परमेश्वरले दया प्रकट गर्नुभएकोले उहाँको स्तुतिप्रशंसा गर्न भजन १३६ले परमेश्वरका जनहरूलाई आह्वान गर्दछ। "दया" हिब्रू भाषामा खेसड khesed हो जसको अर्थ अटल प्रेम हो। परमेश्वरको सृष्टिप्रति र इस्राएलसँग गरिएको उहाँको करारप्रति उहाँको माया र बफादारिता प्रकट गर्नुभएको थियो। परमेश्वरको अपार शक्ति र उहाँको वैभवता उहाँको अटल प्रेममा आधारित छन् भनेर भजन १३६ले देखाउँदछ।

सनातन सृष्टिकर्ता देवहरूको परमेश्वर र प्रभुहरूका प्रभु हुनुहुन्छ भन्नुको अर्थ हिब्रू भाषामा उहाँ सबभन्दा महान् र उच्च परमेश्वर हुनुहुन्छ **भनेर बुझाउँछ (भजन** १३६:१-३)। त्यसको अर्थ यसले अरू देवीदेवताहरूको अस्तित्व स्वीकार गरेको होइन तर उहाँमात्रै परमेश्वर हुनुहुन्छ भनेर बुझाउँछ।

उहाँले गर्नुहुने महान् अद्भुत र आश्चर्य कामहरू अरू कसैले पनि प्रतिलिपि गरेर देखाउन सक्दैन। यसले नै उहाँको प्रभुत्वको कसैले अस्वीकार गर्न नसक्ने प्रमाण हो (भजन १३६:४)। परमेश्वरले नै आकाश, नक्षेत्र, सारा ब्रम्हाण्ड, तारा पुञ्ज, पृथ्वी र ग्रहहरू सृष्टि गर्नुभएको थियो। उहाँलाई विश्वास नगर्ने मूर्तिपूजकहरूले ती सृष्टिलाई पूजा गर्दछन् (व्यवस्था ४:१९)। तर मानिसहरूले सृष्टि गरेका र पूजा गरेका देवीदेवताहरूको भन्डाफोर भजनसङ्ग्रहले गर्दछ। ती देवीदेवताहरो स्रोत मानव जगत हो र मानिसमा नै तिनीहरूको अधिकार निहित भएको छ। तिनीहरू केवल सृष्टिका उत्पादन हुन्। तिनीहरू रचिएका हुन् तर तिनीहरू सृष्टिकर्ता वा रचनाकार होइनन्। यसैमा सारा जगतले पूजा गर्ने देवीदेवता र सृष्टिकर्ताको भिन्नता पाइन्छ।

परमेश्वरको बलियो हात र फैलिएको पाखुरा (भजन १३६:१२) भन्ने चित्रणले उहाँको शक्तिको प्रभावकारिता र उहाँको दयाको प्रभुत्व टाढा टाढा सम्म फैलिन्छ भनेर देखाउँछ।

सृष्टि र मानव जगतको इतिहासमा उहाँले देखाउनुभएको परमेश्वरको दयाले उहाँमाथि भरोसा राख्न र उहाँको करारप्रति बफादार भइरहनु उहाँका जनहरू अभिप्रेरित हुनुपर्दछ। बारम्बार दोहोऱ्याइएको "उहाँका प्रेम अनन्त कालसम्म रहिरन्छ" भन्ने वाक्य १३६ भजनमा २६पल्ट उल्लेख गरिएको छ। परमेश्वर बदलिनुहुन्न र उहा विगतको निगाहा प्रत्येक पुस्तामा दोहोऱ्याउनुहुन्छ भन्ने सत्यतामा उहाँका उपासकहरू ढुक्क हुनुपर्छ भनेर जोड गर्दछ। परमेश्वरले आफ्ना जनहरूलाई याद गरिरहनुहुन्छ (भजन १३६:२३) र उहाँको अनुग्रहको करारप्रति उहाँ बफादार हुनुहुन्छ। परमेश्वरको अटल प्रेममा विश्वास गर्नु नै बाइबलीय विश्वास र शिक्षाको सार हो वा केन्द्रविन्दु हो। यो सत्य आत्मज्ञान पाउने उपासकहरूले उहाँको आराधना आनन्दसाथ ढुक्क भएर गर्दछन् साथै तिनीहरू उहाँमा घनिष्ठ भएर बस्छन् र कमजोरमा चिप्लियो भने तिनीहरू पश्चात्ताप गर्दछन्।

भजन १३६को २३-२५ पदहरूले परमेश्वरको विश्वव्यापी हेरचाह यस पृथ्वीमा फैलाउनुहुन्छ भनेर व्यक्त गर्दै त्यो भजन बन्द गर्दछ। परमेश्वरको दया केवल इस्राएल र इस्राएली जन वा यहूदीहरूलाई मात्र होइन सारा सृष्टिका जीवहरूमा पनि फैलिएको छ। त्यसरी भजन १३६ले परमेश्वरको जगतव्यापी मुक्ति दिने अनुग्रहको बारेमा बताउँछ र सारा संसार नै इस्राएलसँग

मिलेर प्रभुको स्तुतिप्रशंसा गर्न आह्वान गर्दछ (लूका २:१०, यूहन्ना ३:१६ र प्रेरित १५:१७ पनि पढ्नुहोस्)।

***"परमेश्वरको प्रेम अनन्तकालसम्म रहिरन्छ" भन्ने वाक्यले हाम्रो बदलिमा क्रूसमा मर्नु भएको येशूद्वारा परमेश्वरको बारेमा महान् सत्यलाई कसरी उजागर गर्दछ?***

## २. ममा शुद्ध वा चोखो हृदय सृजना गर्नुहोस्

**परमेश्वरसँग दयाको भिष भजनका लेखकले किन माग्दछन्? हेर्नुहोस् भजन ५१:१-५ "१ हे परमेश्वर, तपाईंको अचूक करुणाअनुसार ममाथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस्। २ मेरो सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्, र मेरो पापबाट मलाई शुद्ध गरिदिनुहोस्। ३ किनकि मेरा अपराधहरू म जान्दछु, र मेरो पाप सदा मेरो सामुन्ने छ। ४ तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु। यसैकारण बोल्नुहुँदा तपाईं ठीक प्रमाणित हुनुहुन्छ, र न्याय गर्दा तपाईं न्यायी ठहरिनुहुन्छ। ५ साँच्चै, म जन्मँदा नै पापी थिएँ, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिएँ।"**

दाउदको जीवनमा भएको आत्मिक अन्धकारको क्षणमा (२ शमूएल १२) आफ्नो हृदय परमेश्वरको सामु पोखाउँछन्। आफ्नो पापको निम्ति परमेश्वरसँग दाउदले क्षमाको भिष माग्दछन्। परमेश्वरले दिनु हुने क्षमा उहाँको अनुग्रहको असाधारण उपहार हो। परमेश्वरका कोमल करुणाहरूकै आधारमा दाउदले क्षमा माग्दछन् (भजन ५१:१)। आफू आफ्नो पाप अनुसार दण्ड भोग्नुपर्ने योग्य भएको स्विकारेतापपनि (भजन १०३:१०) परमेश्वरकै चरित्रको आधारमा क्षमा पाउन उनले बिन्ति गर्दछन्। परमेश्वर दयालु, विश्वासिलो र करुणाले भरिएको हुनुहुन्छ (प्रस्थान ३४:६,७, भजन ५१:१)। ती चरित्रलाई दावी गरेर परमेश्वरसँग क्षमा माग्छन्।

भजन ५१:६-१९ पढ्नुहोस्। यहाँ पापको क्षमालाई कसरी चित्रण गरिएको छ? परमेश्वरले दिनुहुने क्षमाको लक्ष्य के हो? हेर्नुहोस् भजन ५१:६-१९ "६ निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ। ७ हिसपले मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु। मलाई धुनुहोस्, र म हिउँभन्दा सेतो हुनेछु। ८ मलाई हर्ष र उल्लास सुन्न दिनुहोस्, र तपाईंले चूर्ण पारिदिनुभएका हड्डीहरू

आनन्दित होऊन्। ९ मेरा पापहरूदेखि आफ्नो मुख लुकाउनुहोस्, र मेरा सारा अधर्महरू मेटिदिनुहोस्। १० हे परमेश्‍वर, ममा शुद्ध हृदय सृजनुहोस्, र मभित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस्। ११ मलाई तपाईंको उपस्थितिबाट नहटाउनुहोस्, न त मबाट तपाईंका पवित्र आत्मा लैजानुहोस्। १२ तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस्, र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस्। १३ तब अपराधीहरूलाई म तपाईंका मार्गको शिक्षा दिनेछु, र पापीहरू तपाईंतर्फ फर्कनेछन्। १४ हे परमेश्‍वर, हे मेरा उद्धारकर्ता परमेश्‍वर, मलाई रक्तपातको दोषबाट छुटकारा दिनुहोस्, र मेरो मुखले तपाईंका धार्मिकताको स्तुति गाउनेछ। १५ हे परमप्रभु, मेरा ओठ खोलिदिनुहोस्, र मेरो जिब्रोले तपाईंको प्रशंसाको घोषणा गर्नेछ। १६ किनकि तपाईं बलिमा प्रसन्न हुनुहुन्न, नत्रता म बलि चढ़ाउनेथिएँ। होमबलिमा तपाईं खुशी हुनुहुन्न। १७ तोडिएको आत्मा नै परमेश्‍वरको निम्ति बलिदान हो। हे परमेश्‍वर, तोडिएको र पश्‍चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न। १८ तपाईंको इच्छाअनुसार सियोनको भलाइ गर्नुहोस्। यरूशलेमका पर्खालहरू निर्माण गरिदिनुहोस्। १९ तब तपाईंलाई प्रसन्न पार्न धार्मिकताका बलिहरू चढ़ाइनेछन्, सम्पूर्ण होमबलि र साँढ़ेहरू तपाईंको वेदीमा चढ़ाइनेछन्।"

परमेश्वरले दिनुहुने क्षमामा केवल राज्यको कानुनले निर्दोष फैसला गरेको मात्र समावेश भएको हुँदैन। परमेश्वरले दिनुहुने क्षमा मानिसको भित्री अन्तस्करण सम्म पुग्छ र चेतनालाई नै घचघच्याउँछ। त्यसको फलस्वरुप त्यो व्यक्तिमा गहिरो परिवर्तन हुन्छ (भजन ५१:६, हिब्रू ४:१२)। पापको क्षमा पाउने व्यक्तिले परमेश्वरबाट पाएको क्षमा हल्का रूपमा लिँदैन तर गम्भिर भएर आभारित हुन्छ। यथार्थमा भन्ने हो भने परमेश्वरको क्षमामा नयाँ सृष्टि वा नयाँ जीवन पाएको भनेर त्यस व्यक्तिको अनुभव हुन्छ (भजन ५१:१०, यूहन्ना ३:३-८)। हिब्रू भाषा बारा' bara' लाई "सृष्टि वा सृजना" भनेर अनुवाद गरिन्छ। यसको अर्थ परमेश्वरमा भएको सृष्टि गर्ने शक्तिलाई औंल्याउँछ (उत्पत्ति १:१)। केवल परमेश्वरले मात्र मानिसलाई नव जीवन दिनुहुन्छ वा नयाँ सृजना गर्न सक्नुहुन्छ। पश्‍चात्तापी हृदय भएको मानिसलाई केवल परमेश्वरले मात्र मौलिक परिवर्तन गर्न सक्नुहुन्छ जुन स्थायी परिवर्तन हो (२ कोरन्थी ४:६)।

हिसपबाट आफूलाई सफा  गर्न दाउदले परमेश्वरसँग अनुरोध गर्दछन् (लेबी १४:२-८, भजन ५१:७)। आफूले गरेको पाप र अपराधले गर्दा

आफूलाई परमेश्वरको उपस्थितिबाट टाढा राखिएको अनुभव दाउदले गर्दछन्। तत्कालिन समाजमा कुष्ट रोग लागेका मानिसहरू समाजबाट बहिष्कार गरिन्थ्यो। कुष्ट रोग भएको मानिस अशुद्ध वा फोहर भएको स्थितिमा रहन्थ्यो (भजन ५१:११)। मन्दिरमा गरिने कुनै पनि पूजाआजा र बलिहरूले उनका पाप क्षमा भएर उनको जीवन पुनर्स्थापित हुनेछ भन्ने आशा उनमा थिएन। पहिला नै सोचेको परस्त्री गमन र हत्याको क्षमा पाउन कुनै पनि बलिले गरिन्दैनथ्यो। यो परमेश्वरले नै नै मोशालाई दिएको व्यवस्थामा थियो (प्रस्थान २१:४, लेबी २०:१०)।

परमेश्वरले दिनुहुने बिनाशर्तको अनुग्रहले मात्र दाउदको टुक्रिएको र चुर्ण भएको अर्थात् भित्री हृदयदेखि सत्य र इमान्दारी पश्चात्तापलाई परमेश्वरले उनको जीवनलाई पुनर्स्थापित गरिन सक्थ्यो। उहाँको अनुग्रह नै बलिको रूपमा दाउदलाई चोखो पारेर उनको जीवन परमेश्वरसँग फेरि तालमेल हुन सक्थ्यो (भजन ५१:१६,१७)। हिसपबाट सफा गर्न अनुरोध गर्दा दाउदले आफूलाई परमेश्वरको उपस्थितमा फेरि राख्न अनुरोध गरेका थिए।

***यदि राजनैतिक छलकपट, दाउपेच गरेर, परस्त्रीगमन गर्ने, धोखा दिने, हत्यारा र दुष्ट स्वभावले प्रेरित भएको दाउदलाई त परमेश्वरले क्षमा गर्न सक्नुहुन्छ भने तपाईं हामी पापमा चिप्लिन्दा के आशामा रहन सक्छौं?***

## ३. यदि तपाईं प्रभुले मेरा अपराधहरूका लेखा राख्नुभएको भए

**पाप कतिको गम्भीर छ र पापीहरूको निम्ति आशा कसरी चित्रण गरिएको छ? भजन १३० पढ्नुहोस् "१ हे परमप्रभु, म तपाईंलाई गम्भीर सङ्कष्टको स्थितिमा पुकार गर्दछु। २ हे परमप्रभु, मेरो पुकार सुनिदिनुहोस्! कृपाको लागि गरिएको मेरो पुकारमा तपाईंका कानले ध्यान देऊन्। ३ हे परमप्रभु, तपाईंले पापको लेखा लिनुभयो भने त, हे प्रभु, को खड़ा हुन सक्छ र? ४ तर तपाईंमा क्षमा छ, र नै तपाईंको भय मानिन्छ। ५ म परमप्रभुको प्रतीक्षा गर्छु, मेरो प्राणले प्रतीक्षा गर्छ, अनि उहाँको वचनमा म आशा राख्तछु, ६ पालेले बिहानको प्रतीक्षा गरेको भन्दा बढ़ी, मेरो प्राणले परमप्रभुको प्रतीक्षा गर्छ। ७ हे इस्राएल, परमप्रभुमा आफ्नो आशा राख् किनभने परमप्रभुमा नै अचूक कृपा छ, अनि उहाँमा नै सम्पूर्ण उद्धार छ। ८ उहाँले नै मोल तिरेर इस्राएललाई तिनीहरूका सबै पापबाट छुटाउनुहुनेछ।"**

यस भजनका लेखकले आफ्नो ठुलो पीडा वा वेदना व्यक्त गर्दछन्। यो वेदना आफ्नै र उनका जनहरूका पापहरूका कारणले भएको थियो (भजन १३०:३,८)। मानिसहरूका पापहरू कस्तो गम्भीर छन् भने तिनीहरूलाई परमेश्वरबाटै सधैं अलग गर्ने परिस्थिति उब्जिन्छ (भजन १३०:३,८)। न्यायको दिनमा मानिसहरूका पापहरूको लेखा जोखा राखिनेछ भनेर बाइबलले बताउँदछ (दानिएल ७:१०, प्रकाश २०:१२)। पापीहरूका नाउँहरू जीवनको पुस्तकबाट हटाइनेछ भनेर पनि बाइबलमा उल्लेख गरिएको छ (प्रस्थान ३२:२२, भजन ६९:२८, प्रकाश १३:८)।

त्यसकारण, भजनका लेखकले क्षमाको निम्ति परमेश्वरसँग बिन्ति गर्दछन्। उहाँले क्षमा दिनुभयो भने पापहरूका लेखाजोखा उहाँले मेटिदिनुहुनेछ (भजन ५१:१,९; यर्मिया ३१:३४; मीका ७:१९)। लेखकलाई थाहा छ कि "स्वभावैले परमेश्वर रिसाउने बानी छैन। उहाँको प्रेम सदाकालको निम्ति छ। परमेश्वरको प्रेमप्रति सराहना नगर्ने वा अबमूल्यन गर्ने मानिसको चरित्रले गर्दा उहाँलाई रिस उठ्छ। त्यो रिस कसैलाई घाइटे गर्न होइन तर मानिसलाई निको पार्न हो। नाश गर्न होइन तर उहाँसँग करार बाँधिएका जनहरूलाई मुक्ति दिने उहाँको रिसको लक्ष्य हो (होशिया ६:१,२)।"-हान्स के. लारोन्डेल, डेलिभरेन्स इन द सामस, (मिशिगन, फर्स्ट इम्प्रसनस, १९८३), पृ. १८०,१८१। परमेश्वरको रिसले उहाँले क्षमा गर्न तयार हुनुहुन्छ भनेर देखाउँछ। तिनीहरूलाई दण्ड दिन होइन। उहाँको क्षमाशीलताले मानिसहरूलाई उहाँप्रति श्रद्धा जगाउन प्रेरणा जाग्दछ (भजन १३०:४, रोमी २:४)। सत्य आराधना परमेश्वरको प्रेमिलो चरित्रप्रति सराहना वा तारिफमा निर्माण हुन्छ। तर डरले, दण्ड देला भनेर थुरथुर काम्दै परमेश्वरको आराधना गर्ने विद्या बाइबलमा छैन। परमेश्वरका जनहरू प्रभुमा नै पर्खन आह्वान गरिएको छ (भजन २७:१४, भजन ३७:३४)। हिब्रू भाषाको कावाह qawahको अक्षरस अर्थ तन्काउनु हो। हिब्रू भाषामा आशा भन्ने शब्द यही शब्दमा आधारित छ। त्यसकारण, परमेश्वरको निम्ति पर्खिनु भनेको डरले थुरथुर कामेर के होला भनेर आत्मसमर्पण गर्नु होइन। तर परमेश्वरको हस्तक्षेपको निम्ति आशालाई तन्काएर राख्नु हो। भजनका लेखकको आशा व्यक्तिगत सकारात्मक भावनामा आधारित नभएर परमेश्वरको वचनमा हो (भवन १३०:५)। विश्वासीहरू प्रभुमा पर्खनु बेकारको होइन। अन्धकार रातपछि परमेश्वरले उद्धार गर्ने बिहानी आउँछ।

भजनका लेखकको व्यक्तिगत बिन्तिमा सारा समूदायलाई समेतिएकोछ (भजन १३०:७,८)। कोही पनि मानिस टापु हुँदैन। व्यक्तिगत भलाइ अरू मानिसहरूबाट अलग गर्न सकिँदैन। त्यसकारण, प्रार्थना गर्दा आफ्नो लागि मात्र गर्दैन तर समाजकै हितको लागि गरिन्छ। हामी येशूभक्त भएको हैशियतले हामी समाजको एक भाग हौं। जब समाजको एक भागले कुनै थोकले प्रभावित पार्छ भने सबैलाई प्रभावित पार्दछ।

*यो प्रश्नको बारेमा सोच्नुहोस्, " हे परमप्रभु, तपाईंले पापको लेखा लिनुभयो भने त, हे प्रभु, को खड़ा हुन सक्छ र? " भजन १३०:३। व्यक्तिगत हिसाबले तपाईंको निम्ति त्यसको अर्थ के हो? यदि तपाईंका दोषहरूको लेखा राखियो भने अहिले तपाईं कहाँ हुनुहुन्थ्यो होला?*

## ४. परमेश्वरको महान् राजसी र दयाको निम्ति स्तुतिप्रशंसा

भजनसङ्ग्रह ११३ र १२३मा परमेश्वरका बहुपक्षिय चरित्रको बारेमा उल्लेख गरिएको छ। ती के हुन्? हेर्नुहोस्, "१ परमप्रभुको प्रशंसा गर। हे परमप्रभुका सेवक हो, प्रशंसा गर। परमप्रभुका नाउँको प्रशंसा गर।२ परमप्रभुका नाउँको अहिलेदेखि लिएर सदासर्वदासम्मै प्रशंसा भइरहोस्! ३ सूर्योदयदेखि सूर्यास्तसम्मै परमप्रभुको नाउँको प्रशंसा हुनुपर्दछ। ४ परमप्रभु सबै जाति-जातिहरूमा उच्च हुनुहुन्छ, र उहाँको महिमा स्वर्गभिन्दा उच्च छ। ५ परमप्रभु हाम्रा परमेश्वरको समान को छ र? उहाँ, जो उच्च स्थानमा विराजमान हुनुहुन्छ, ६ जो आकाश र पृथ्वीमाथि दृष्टि गर्न निहुरनुहुन्छ। ७ कङ्गालीहरूलाई खरानीको थुप्रोबाट उहाँले उठाउनुहुन्छ, र दरिद्रहरूलाई घुलोबाट उचाल्नुहुन्छ। ८ उहाँले तिनीहरूलाई राजकुमारहरूसँग, र आफ्नै प्रजाका राजकुमारहरूका साथमा बसाल्नुहुन्छ। ९ बाँझी स्त्रीलाई छोराछोरीका सुखी आमाको रूपमा स्थिर गरिदिनुहुन्छ। परमप्रभुको प्रशंसा गर।" र " भजन १२३ " १ हे स्वर्गको सिंहासनमा विराजमान हुनुहुने, तपाईंतिर म मेरा आँखा उचाल्छु।२ जसरी दासहरूका आँखा आफ्ना स्वामीको हाततिर हुन्छन्, जसरी दासीहरूका आँखा आफ्नी स्वामिनीको हाततिर रहन्छन्, त्यसरी नै जबसम्म उहाँले हामीमाथि कृपा गर्नुहुन्न, तबसम्म हाम्रा आँखा परमप्रभु हाम्रा परमेश्वरतिर रहन्छन्। ३ हामीमाथि कृपा गर्नुहोस्, हे परमप्रभु, हामीमाथि कृपा गर्नुहोस्, किनकि हामीले ज्यादै हेलचेक्र्याइँ सहेका छौं। ४ अभिमानीहरूबाट उपहास र अहङ्कारीहरूबाट ज्यादै हेलचेक्र्याइँ सहेका छौं।"

**भजन ११३ र १२३ दुवैले परमेश्वरको महान् राजसी र दयाको बारेमा प्रशंसा गर्दछन्। परमेश्वरको शाही प्रभावलाई उहाँको नाउँको महानताबाट प्रकट गरिएको छ भने उहाँको सिंहासन उच्च स्थानमा छ भनेर बताउँछ। त्यो स्थान सबै राष्ट्र र जगत् ब्रम्हाण्डभन्दा माथि छ (भजन ११३:४,५; भजन १२३:१)।"हाम्रा प्रभु परमेश्वर जस्तो अरू को छ र? " भजन ११३:५। यो आस्थाको वक्तव्य हो। इस्राएलका परमेश्वरलाई कुनै पनि संसार र संसारका माथिका शक्तिले चुनौति दिन सक्छ।**

अथाह उच्च स्थानमा रहनुहुने परमेश्वर नम्र हुन राजी भएको र आकाश वा ब्रम्हाण्डहरू र पृथ्वीलाई हेर्न निहुरिनुहुन्छ भनेर वर्णन गरिएको छ (भजन ११३:६)। परमेश्वर जतिसुकै उच्च स्थानमा रहनुभएतापनि यस संसारको गतिविधीलाई हेर्न उहाँ चुक्नुहुन्न। यस संसारको मामिलामा आफू समावेश हुन र आवश्यक परेका र गरिबहरूलाई उद्धार गर्न उहाँ दया देखाउन राजी हुनुभएको उहाँको अनुग्रहको कारणले हो। उहाँका सेवकहरूका निम्ति उहाँका उदार हात लुकिएको छैन। उहाँ टाढा स्वर्गहरूमाथि रहनुभएतापनि आफ्ना जनहरूलाई सहायता गर्न हरदम तत्पर हुनुहुन्छ।

परमेश्वरको महानता र हेरचाह कसरी गर्नुहुन्छ भन्ने ज्ञान हामीलाई पूरा छैन। तर उहाँकका दयाका कामहरू र करुणाहरूको गतिविधी देख्दा हामीलाई अचम्म नै लाग्दछ। आवश्यकतामा परेकाहरू, गरिब र पिडित तथा दविएका परमेश्वरका जनहरूले परमेश्वरको निगाहा पाएको व्यक्तिगत अनुभव पाउँदा उहाँको सार्वभौम शक्ति सराहनीय नै हुन्छ। कतिपय समयमा ती पिडित मानिसहरूको जीवन उहाँको हस्तक्षेपले गर्दा कायापलत भएको हामी देख्छौं। अति उच्च स्थानमा रहनुहुने परमेश्वरले आफ्नो शक्तिलाई प्रयोग गरेर समाजबाट पिछडिएकाहरूलाई उत्थान गर्नु भएको प्रमाण जताततै छ। मानिसहरू परमेश्वरकहाँ आउन स्वतन्त्र छ। उहाँ मानिसहरूको अनुग्रही सृष्टिकर्ता र सँभारकर्ता हुनुभएको र उहाँका भक्त जनहरू उहाँका प्रिय सन्तान भएको हैशियतले तिनीहरू उहाँकहाँ सुरो भएर आउन सक्छन्। उहाँ सर्वशक्तिमान र सार्वभौम परमेश्वर हुनुभएतापनि आफ्ना जनहरूप्रति हेर्ने दृष्टिकोण प्रेम वा वात्सल्यपूर्ण नै हुन्छ।

त्यसकारण, उहाँलाई गरिने आराधना वा उपासना उहाँको महानताको कारणले मात्र नभएर उहाँको प्रेम र भलाइप्रति अभिप्रेरित भएर गरिएको हुन्छ। उहाँप्रति गरिने स्तुति र प्रार्थना समय र स्थानको सिमाना हुँदैन (भजन ११३:२,३)।

परमेश्वरको महानता र करुणाको उत्तम प्रदर्शन येशू ख्रीष्टबाट गरिएको छ। उहाँ स्वर्गबाट निहुरिन राजी हुनुभयो र क्रूसको निच मृत्यु पनि भोग्नुभयो ताकि पतित मानव जातिको उत्थान होस् (फिलिप्पी २:६-८)। परमेश्वरको आराधना र स्तुति गर्नुपर्ने महान् कारण नै क्रूस हो। क्रूसको माध्यमद्वारा हामीप्रति उहाँको सर्वहित उच्चस्तरमा प्रदर्शन गर्नुभएको छ।

***क्रूसले तपाईंको व्यक्तिगत जीवनलाई कसरी असर पारेको छ सो सोच्नुहोस्। तपाईंलाई येशूले कसबाट उद्धार गर्नुभएको छ? तपाईंको दिमागमा क्रूसलाई किन सर्वोपरी राख्नु जरुरी छ?***

## ५. हामीप्रति उहाँले देखाउनुभएको गुणहरूलाई नबिर्सौं

परमेश्वरका दया, करुणा र कृपालाई भजन १०३मा कसरी चित्रण गरिएको छ, हेर्नुहोस् "१ हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर, ए मेरो सारा अन्तस्करण, उहाँको पवित्र नाउँको स्तुति गर। २ हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर, र उहाँका सबै उपकारहरू नबिर्सी– ३ जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ, र तेरा सबै रोगहरू निको पार्नुहुन्छ, ४ जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ, र तँलाई करुणा र कृपाको मुकुट लगाइदिनुहुन्छ, ५ जसले, तेरा इच्छाहरू उत्तम कुराले तृप्त गर्नुहुन्छ, ताकि तेरो जवानी चीलको जस्तै फेरि नयाँ होस्। ६ थिचोमिचोमा परेकाहरू सबैका निम्ति परमप्रभुले धार्मिकता र न्यायको काम गर्नुहुन्छ। ७ उहाँले मोशालाई आफ्ना मार्ग, र इस्राएलीहरूलाई आफ्ना काम प्रकट गर्नुभयो। ८ परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ। ९ उहाँले सधैं दोष लगाइरहनुहुन्न, उहाँले सधैंभरि क्रोध पनि लिइराख्नुहुन्न। १० उहाँले हामीसँग हाम्रा पापअनुसारको व्यवहार गर्नुहुन्न, अनि हाम्रा अधर्मअनुसार हामीलाई दण्ड दिनुहुन्न। ११ किनकि पृथ्वीबाट स्वर्ग जत्ति अग्लो छ, उहाँका भय मान्नेहरूमाथि उहाँको करुणा त्यत्तिकै महान् छ। १२ पश्चिमबाट पूर्व जत्ति टाढ़ा छ, उहाँले हाम्रा अपराधहरू हामीबाट त्यत्तिकै टाढ़ा हटाइदिनुभएको छ। १३ जसरी बाबुले आफ्ना छोराछोरीहरूलाई टिठ्याउँछन्, त्यसरी नै उहाँका भय मान्नेहरूलाई परमप्रभुले टिठ्याउनुहुन्छ। १४ किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ। १५ मानिसको आयु त घाँसको आयुजत्तिकै छ, मैदानको फूलझैं त्यो ढकमक्क फुल्दछ, १६ अनि बतास त्यस फूलमाथि भएर जान्छ, र त्यो विलीन हुन्छ, र त्यसको ठाउँले पनि त्यसको याद

**गर्दैन। १७ तर परमप्रभुको करुणा आफ्ना भक्तहरूमाथि र उहाँको धार्मिकता तिनीहरूका छोरा-नातिमाथि अनन्तदेखि अनन्तसम्म रहन्छ– १८ तिनीहरूमाथि ज-जसले उहाँको करार पालन गर्दछन्, र उहाँका आदेशहरू पालन गर्न ख्याल गर्छन्। १९ परमप्रभुले आफ्नो सिंहासन स्वर्गमा स्थिर गर्नुभएको छ, र उहाँको प्रभुत्वले सबैमाथि शासन गर्दछ। २० हे उहाँका स्वर्गदूतहरू हो, उहाँको वचन पालन गर्ने शक्तिशाली जन हो, परमप्रभुको प्रशंसा गर। २१ हे स्वर्गका सबै सेना हो, उहाँको इच्छाअनुसार काम गर्ने सेवक हो, परमप्रभुको प्रशंसा गर। २२ हे उहाँका सारा सृष्टि हो, उहाँका समस्त राज्यमा रहेका हो, परमप्रभुको प्रशंसा गर। ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर!**

"**परमेश्वर**का धेरै आशिषहरूलाई भजन १०३मा गनिएको छ। उहाँका सबै उपकारहरू नबिर्सनु भनेर पद २मा उल्लेख गरिएको छ भने ३-६मा ती उपकार वा आशिषहरूले जीवनलाई फस्ताइ दिन्छ। ती आशिषहरू परमेश्वरको अनुग्रहले भरिएको स्वभावमाबाट नै उब्जिएका हुन् र इस्रायलसँग गरिएको करार (भजन १०३:७-१०)प्रति उहाँ बफादार हुनुभएकोले हो। मानिसको कमजोरपनि र अस्थायी जीवनलाई प्रभुले सम्झि राख्नुहुन्छ। उहाँका जनहरूलाई उहाँले करुणा देखाउनुहुन्छ (भजन १०३:१३-१७)। याद गर्नु भनेको केवल सम्झिनु मात्र होइन। यसमा क्रियाकलापप्रति आफ्नो समर्पणता समावेश भएको हुन्छ। परमेश्वरले उहाँका जनहरूलाई उहाँले उद्धार गर्नुहुन्छ र सम्माल्नुहुन्छ। भजन १०३:११-१६मा चित्रण गरिएका शक्तिशाली प्रतीकहरूले परमेश्वरको महान् अतुलनीय अनुग्रहलाई व्याख्या गर्छन् जुन अपार र अनन्तको जगत ब्रम्हाण्डसँग मात्र तुलना गर्न सकिन्छ (यशैया ५५:९)।

***त्यस प्रेमिलो र दयालु परमेश्वरप्रति मानिसहरूको प्रतिक्रिया कस्तो हुनुपर्दछ त?***

पहिला त उहाँलाई प्रशंसा र स्तुति चढाउनुपर्दछ (भजन १०३:१,२)। उहाँले प्रदान गर्नुहुने भौतिक र आत्मिक गुण वा आशिषहरू हामीले बुझ्नु पर्दछ (उत्पत्ति ४९:२५, भजन ५:१२)। परमेश्वर सबै आशिषहरूका स्रोत हुनुहुन्छ। हामी परमेश्वरभन्दा तल भएकोले उहाँका आशिषहरूप्रति आभारित भएर उहाँलाई धन्यवाद र स्तुति चढाउनुपर्दछ (१ राजा ८:६६, अय्यूब २९:१३)। मानिसहरूलाई भलो गरेर परमेश्वरले आशिष दिनुहुन्छ र त्यसको प्रत्युत्तरमा उहाँमा भएका असल गुणहरूको तारिफ गर्नुपर्दछ। उहाँको अनुग्रही स्वभावप्रति हामी श्रद्धा देखाउनुपर्दछ।

दोस्रोमा, उहाँका सबै करार र हामीलाई दिनुभएका गुणहरूलाई याद गर्दै उहाँको प्रशंसा गर्नुपर्दछ (भजन १०३:२,१८-२२)। परमेश्वर र उहाँको बीचमा भएको सम्बन्धलाई याद गरिरहनु सम्बन्धलाई बलियो बनाइ राख्न निर्णायक तत्त्व हो। जसरी परमेश्वरले उहाँका जनहरूलाई दिनुभएका प्रतिज्ञाहरू उहाँले सम्झिनुहुन्छ त्यसरी नै उहाँको बफादारीतालाई सम्झिनु मानिसहरूको कर्तव्य हो। उहाँलाई प्रेम गरेर र उहाँका आज्ञाहरू पालन गरेर उहाँलाई हामी याद गरिरहेकाछौं भनेर देखाउँदछौं।

ती धारणाहरूलाई मनमा राखेर एलेन जी. ह्वाइटको यी शब्दहरू धेरै उचित भएको ठान्नुपर्दछः "प्रत्येक दिन एक घन्टा येशूको जीवनको बारेमा याद वा साधना गर्नु हाम्रो निम्ति उपयोगी हुन्छ। येशूको जीवनको प्रत्येक चालहरूलाई ख्याल गर्नुपर्दछ। येशूको जीवनको प्रत्येक क्षणलाई कल्पना गर्दै बुझ्न प्रयास गर्नुपर्छ। विशेष गरेर उहाँका अन्ति क्षणहरूलाई ध्यान दिनुपर्दछ। जब हामीप्रति उहाँको महान् बलिदानको बारेमा ध्यान गर्छौं तब उहाँप्रति हाम्रो भरोसाले निरन्तरता पाउँछ र उहाँप्रति हाम्रो प्यार जाग्दछ। अनि हामी उहाँको आत्मा वा भावनामा गहिरोसँग बुनिन पुग्दछौं। यदि हामीले अन्तमा मुक्ति पाउन चाहन्छौं भने क्रूसको पाऊमा पश्चाताप गर्दै नम्र भएर आउने सिकाउने पाठ हामी सिक्नैपर्दछ।"-डिजाएर अभ एजेज, पृ. ८३।

**उपसंहार:**

**थप जानकारी: एलेन जी० ह्वाइटको *स्टेप्स टु क्राइस्टको* पृ० १७-२२को "सिनर्स निड अभ क्राइस्ट।"**

परमेश्वरका जनहरू सबै मिलेर "उहाँका करुणा वा दया सदाकाल रहिरन्छ" भनेर आवाज उठाइरहन भजनसंग्रहमा बारम्बार दोहोऱ्याइएको छ। उहाँको अनन्तको प्रेमको उत्सब मनाउँदै ती वाक्य उच्चारण गर्नुपर्दछ (भजन १०६:७, १०७:१, भजन ११८:१-४,२९, भजन १३६)। "परमेश्वरको प्रशंसा नगर्नुको अर्थ उहाँले हामीलाई दिनुभएका फाइदाहरूलाई बिर्सनु हो र उहाँका बरदान वा उपहारहरूप्रति सराहना नगर्नु हो। परमेश्वरको बारेमा बोल्नु र सोच्नु मात्र उहाँको स्तुतिप्रशंसा गर्नु होइन। परमेश्वरको महामहिम गौरवलाई स्विकार्दै उहाँका गुणहरू, दया र ज्ञानबुद्धिलाई याद गर्दै उहाँको स्तुतिप्रशंसा गर्नुपर्दछ।" -हान्स लारन्डल, *डेलिभरेन्स इन द सामस्*, पृ० १७८।

परमेश्वरको दया सदाकालसम्म रहिरन्छ भन्ने गम्भीर स्वीकारलाई उहाँको खेसद khesed परिप्रेक्ष्यमा सम्झिनुपर्दछ।

त्यो हो उहाँको करार जसमा उहाँको दया सजिएको छ र उहाँका जनहरूप्रति उहाँको बफादारिता । परमेश्वरप्रति विद्रोह र मानव पापको सामु उहाँको ती प्रतिवद्धता अपरिवर्तनीय छ।

"हामी उहाँको विरुद्धमा पाप गरेका छौँ र उहाँको निगाहा पाउन हामी योग्यका छैनौँ। तैपनि उहाँ आफैले हाम्रा ओठहरूमा यी अचम्मको बिन्ति राखि दिनुभएको छ, 'तपाईका नाउँको खातिर हामीलाई तुच्छ नठान्नुहोस् । तपाईको महिमित सिंहासनको अनादर नगर्नुहोस् । हामीसित गर्नुभएको आफ्नो करारको सम्झना गर्नुहोस्, र त्यो भङ्ग नगर्नुहोस् ।' यर्मिया १४:२१। हाम्रा पापहरूलाई स्विकार्दै र हामी अयोग्यका छौँ भन्दै जब उहाँकहाँ आउँछौँ तब हाम्रा क्रन्धनहरू सुन्न उहाँले प्रतिवद्धता जाहेर गर्नुभएको छ । यदि हामीलाई उहाँले दिनुभएको वचनलाई उहाँले नै पूरा गर्नु भएन भने उहाँको सिंहासनमाथि नै प्रश्न उठ्दछ।" एलेन जी० ह्वाइट, *क्राइस्ट अब्जेक्ट लेसनस्*, पृ० १४८।

परमेश्वर उनीमाथि अनुग्रही हुनुहुन्छ (भजन १०३:२) भन्ने अनुभवले उनालाई उत्साह दिँदै भजनका लेखकले यी शब्दहरू उच्चारण गर्दछन्, "थिचोमिचोमा परेकाहरू सबैका निम्ति परमप्रभुले धार्मिकता र न्यायको काम गर्नुहुन्छ।" भजन १०३:६। भजनका लेखकको व्यक्तिगत गवाहीको अन्तिम लक्ष्यमा उनको जीवनमा परमेश्वरको माया र दयाले भरिएको थियो भनेर अरूहरूलाई पनि सुनाउनु हो ताकि तिनीहरूले पनि तिनीहरूको हृदय परमेश्वरमा खुला राखून् र उहाँको उद्धार गर्ने अनुग्रह प्राप्त गर्दै उहाँको स्तुतिप्रशंसा गरून् (भजन ९:११,१२; भजन २२:२२-२७; भजन ६६:१६)।

**चिन्तनमनन:**

अ. मानिसहरूको मुक्तिको निम्ति परमेश्वरको दया अनन्तको छ भन्नेको व्यवहारिक अर्थमा के हो? परमेश्वरको दया निरन्तर रूपमा छ भन्दैमा मानिसहरू पाप गरिरहनुहुन्न भनेर त्यसले कसरी बताउँछ?

आ. हामीलाई परमेश्वरले दिनुहुने हाम्रा पापका क्षमा र पापप्रति उहाँले गर्नुहुने न्यायको बिचमा हामीले कसरी तालमेल गर्ने?

इ. परमेश्वरको दया नयाँ करारमा पनि व्यक्त गरेको छ भने भजनसंग्रहमा व्यक्त गरेको उहाँको दयासँग कसरी मिल्दछ (एफिसी २:४,५; १ तिमोथी १:१६; तितस ३:५; हिब्रू ४:१६)?

# कथा ७

# बालक विहिन खुशी विधवी

# रत्नमाया (नेपाल)



नेपालकी रत्नमाया १३ वर्ष हुँदा विवाह गरेकी थिइन्। वैवाहिक जीवन धेरै वर्ष बितेतापनि उनको बच्चा भएको थिएन। उनी बाँझी भएकीले गाउँघरमा मानिसहरू उनमाथी नराम्रो दृष्टिले हेर्थे। उनका साथी र आफन्तहरूले उनी श्रापित स्त्री भनेर हेप्दथे। उनको श्रीमानले पनि उनलाई दोष दिन्थे र उनी रक्सीमा चुर्लुम्म डुव्थे। तर संसारको सबै थोकभन्दा आफ्नै बच्चा भएको रत्नमायाले चाहेकी थिइन्। उनले गर्भवति हुन धेरै पूजाआजा गरिन् तर केहीले पनि सहायता गरेनन्। अनि आफ्नो दिन धेरै खराब भइरहेकै बेलामा उनको श्रीमान अचानक मृत्यु भयो। त्यसले गर्दा रत्नमायाको दिक्क झन बढ्यो। अब उनी बालक विहिन र विधवी भएर जिउने पीडामा परिन्। उनी एक्लै भएको महसुस गरिन्। अरूहरूले नातीनातीनासँग खुशी भएर खेलिरहँदा उनलाई पीडा हुन्थ्यो।

कोभिड-१९ को महामारीले गर्दा उनी महिनौंसम्म कहीँ जान सकिनन्। उनको गाउँमा लकडाउन भएको थियो। उनी जिउन पनि चाहिनन्।

एक दिन उनको भतिजा उनलाई उनको सानो छाप्रो घरमा भेट्न आयो। बिस्तारै लकडाउन निषेधाज्ञा खुकुलो हुँदै थियो। भतिजाले उनलाई चर्चमा आउन आग्रह गर्‍यो। "मेरो चर्चमा आउनुहोस्। तपाईंले धेरै नयाँ कुराहरू सुन्न सक्नुहुनेछ र तपाईंले उपहार पनि पाउनु हुनेछ," भतिजाले आग्रह गर्‍यो। महामारीको बेलामा चर्चले चामल र कम्बलहरू चर्चले आवश्यक परेको परिवारहरूलाई बाँडिरहेको थियो।

रत्नमाया चर्चमा जाने निर्णय गरिन्। साबथमा भएको आराधना सेवा देखेर उनी छक्क परिन्। उनी येशूलाई विश्वास नगर्ने घरमा जन्मेकी र हुर्केकी थिइन्। उनी पहिलो पल्ट चर्चको कार्यक्रममा भाग लिएकी थिइन्। उनलाई विषेश गरेर भजनहरू मनपराइन्। जब मानिसहरूले येशूको बारेमा भजन गरेको उनले सुनिन् उनको हृदयमा शान्ति भएको अनुभव गरिन्।

चर्चका मानिसहरूले उनीसँग राम्ररी अभिभादन गरे र उनीसँग कुराकानी गरे। उनलाई कसैले नहेपेको र गिल्ला नगरेको देख्दा उनी आश्चर्यचकित भइन्। बाँझी भएकोले उनकै दोष हो भनेर चर्चका मानिसहरूले उनलाई दोष लगाएनन्। तर सबैले दयालु र मायालुभएर उनीसँग बोले।

साबथ पछि चर्चका धेरै महिलाहरू रत्नमायाको घरमा आउन थाले। तिनीहरूले उनलाई बाइबल सिकाए र उनीसँग प्रार्थना गरे।

रत्नमाया प्रत्येक शनिबार चर्चमा जान थालिन्। प्रत्येक पल्ट जब उनी चर्चमा गइन् तब उनलाई राम्रो लागेको थियो र उनले चर्चका मानिसहरूसँग कुराकानी गर्न थालिन्। येशूले उनलाई धेरै प्रेम गर्नुहुन्छ भनेर थाहा पाएर उनी धेरै खुशी भएकी थिइन्।

उनमा एक्लोपना हराउन थाल्यो र दिक्क पनि लाग्न छोड्न थाल्यो। उनको जीवनमा गुमिरहेको आनन्द उनले येशूमा पाएको थियो। अब उनी संसारमा सबभन्दा धेरै खुशी भएको व्यक्ति भएको महसुस गर्न थालेकी थिइन्प। "प्रभुले मलाई मेरो हृदयमा शान्ति दिनुभयो। परमेश्वरको प्रेम प्रति म सधैं आभारित छु। मेरो जीवनमा उनले गर्नुभएको सबै थोकको निम्ति म खुशी छु," मुस्कुराउँदै उनले सुनाइन्।

आज रत्नमाया ६५ वर्षकी छिन् र येशू प्रतिको विश्वासमा उनी बढिरहेकी छिन्। उनी कहिल्यै पनि स्कुलमा गइनन्, पढ्न र लेख्न पनि सक्दैन। तर उनी चर्चको महिलासँग बाइबल अध्ययन गर्दैछिन् र सेभेन्थ-डे एडभेन्टिस्ट रेडियो सुन्छिन्।

फिलिप्पी ४:४ रत्नमायाको निम्ति मन पर्ने पद हो जहाँ पावलले लेखेका छन्, "आनन्दित होऊ। फेरि पनि भन्छु आनन्दित होऊ।"

"मेरो श्रीमान पनि छैन, छोराछोरीहरू पनि छैन तर अब कहिल्यै पनि एक्लोपना महसुस गरेको छैन किनकि मेरो प्रभु र मुक्तिदातामा म खुशी र आनन्दित हुन सक्छु। मेरो प्रभु मसँग जहिले पनि हुनुहुन्छ र उहाँले मलाई सबै थोकहरूभन्दा माया गर्नहुन्छ।"

-आन्ड्र्यु मेकचेस्नी